समूह/समितिको विधान
-२०८०

बगनासकाली गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

Email: baganaskali.rural@gmail.com,

Website: https://baganaskalimun.gov.np/

अनुसूची-१

कार्यपालिकाको मिति २०८०।०५।१२ गतेका बैठकको निर्णय नं. ७ संग सम्बन्धित

....समूह/समितिको विधान-२०८०

परिचयः

नेपाल जस्तो विकासोन्मुख मुलुकको लागि समूह/समितिको अवधारण अत्यन्त महत्वपूर्ण छ । त्यसमा पनि महिला विकास, कृषि पशुपंन्छी विकासको सन्दर्भमा समूह/समितिले अझै अहम् भूमिका खेल्दैछ । न्यून आय भएका महिला, कृषि पेशामा संलग्न कृषक, कृषकले भरिएको हाम्रो जस्तो देशमा सिमित जनशक्ति र श्रोत साधनबाट विपन्न वर्ग समुदाय एवं कृषक समुदाय बीच यथोचित सेवा पुऱ्याउन कठिन र बढी खर्चिलो हुने हुँदा कृषक समूह/समिति मार्फत सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ । यस सन्दर्भमा समूह/समिति गठन देखि लिएर सञ्चालन र परिपक्क अवस्था नपुगेसम्म अत्यन्त सावधानी लिनु पर्ने हुन्छ । अलिकति समय बढी नै लगाएर समूह/समितिले मूर्तरुप पाउनु पर्दछ । स्वतः स्फुर्त समूह/समिति मात्र दिगो र स्वाबलम्बन हुन्छन् । समूह/समिति गठन भएपछि समूह/समिति भित्र योजना तर्जुमा कार्यान्वयन अनुगमन, मुल्यांकनको साथै बैठक संचालन जस्ता कार्यहरु सही अर्थमा संचालन गुर्न पर्दछ । समूह भित्रको पारदर्शिता, प्रजातान्त्रिक अभ्यास र इमान्दारीताबाट समूह/समिति लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ ।

प्रस्तावनाः

महिला सशक्तिकरण गर्न, आयआर्जन वृद्धि गर्न, कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, कृषि तथा पशु जन्य उत्पादन सामग्री सुलभ बनाउन, उत्पादित सामग्रीको बिक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत प्रविधि एवं अनिवार्य बचत संकलनबाट आत्मनिर्भर हुनको लागि विषयगत शाखा बगनासकाली गाउँपालिकाको सहयोगमा श्री .... समूह/समिति गठन गरियो ।

१. प्रारम्भिक :

१.१. संक्षिप्त नाम र प्रारम्भ

क) यस समूह/समितिको नाम श्री .... समूह/समिति रहनेछ ।

ख) यो विधान बगनासकाली गाउँपालिकाको विषयगत शाखा/इकाईमा दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

१.२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा,

क) **"समूह"** समूह/समिति भन्नाले यस विधानमा समाहित समान उद्देश्य तथा समान दृष्टिकोण भएका १५ देखि २१ जना ईच्छुक व्यक्तिहरुद्धारा गठित एउटा Group लाई जनाउँछ।

ख) **"समिति"** समिति भन्नालेयस विधानमा समाहित ३ देखि ५ वटा समान उद्देश्य तथा समान दृष्टिकोण भएका समुहहरु मिलि ४५ देखि ७५ जनासम्म ईच्छुक व्यक्तिहरुद्धारा गठित एउटा **Group** लाई जनाउँदछ।

ग) **"सदस्य"** सदस्य भन्नाले श्री .... समूह/समिति को उद्देश्य अनुसार कार्य सम्पादन गर्न विधानको दफा ३ बमोजिम सदस्यता लिएको व्यक्तिलाई जनाउँदछ।

घ) **"कार्य समिति"** भन्नाले यस विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउँदछ।

ङ) **"साधारण सभा"** भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउँदछ।

१.३. समूह/समितिको छापः

क) गोलाकार/अण्डाकार घेरा भित्र यस समूह/समितिको नाम श्री..........................समूह/समिति रहनेछ।

ख) .... समूहको लोगो, छापको मुनीको भागमा स्थापना वर्ष र समूहको ठेगाना रहनेछ।

१.४.समूह/समितिको कार्यालयः यस समूह/समितिको कार्यालय पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. .... मा रहनेछ।

१.५. समूह/समितिको दर्ताः बगनासकाली गाउँपालिकाको .... शाखा/इकाईमा दर्ता भई स्वीकृत भए पश्चात लागू हुनेछ। साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर **(PAN)** लिनु पर्नेछ।

२. उद्देश्य र कार्यः

२.१ महिला, कृषि तथा पशुपंन्छी विकाससँग सम्बन्धित समूह/समितिको उद्देश्य देहाय वमोजिम हुनेछ।

क) महिला, कृषि तथा पशुपंन्छी व्यवसायलाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादकत्व, उत्पादन वृद्धिका लागि एक जुट भई काम गर्ने।

ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने।

ग) सदस्यहरुमा स्वावलम्बन, पारस्परिक सहयोग र मितव्ययीताको भावना विकास गर्ने।

२.२. महिला विकाससँग सम्बन्धित समूह/समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) विपन्न महिला, बहुविपन्न महिला, दलित, जनजाती समुदायलाई राज्यको मूलप्रवाहीकरणमा समावेश गर्ने।

ख) विपन्न महिला सदस्यहरुको वैयक्तिक, आर्थिक तथा सामाजिक जिवन स्तरमा सशक्तिकरण गर्ने।

ग) महिला घरेलु हिंसा वा लैंगिक विभेदको अन्त्य गर्न संस्थागत सहभागिता गराई लैंगिक समता बनाउने।

समूह/समितिको विधानको दफा २.१/२.२ बमोजिमका उदेश्यहरु प्राप्ति गर्न यो समूह/समितिले देहाय बमोजिम कायहरु गर्नेछ :-

१. उन्नत प्रविधि, उन्नत बिऊ आधुनिक औजार उपकरण बारे सदस्यहरुलाई सूचनाको आदान प्रदान गर्ने।

२. महिला घरेलु हिंसाको अन्त्य गर्न जनचेतनामूलक कार्यहरु संचालन गर्ने।

३. तरकारी तथा घाँस बालीको बिज वृद्धि गरी आत्मा निर्भर हुने।

४. उन्नत प्रविधि अपनाई तरकारी तथा दुग्धजन्य समुदायको आय वृद्धि गर्न आयआर्जनका कार्यक्रमहरु गर्ने ।

५. विपन्न तथा बहुविपन्न महिला, दलित, जनजाती समुदायको आय वृद्धि गर्न आयआर्जनका कार्यक्रमहरु गर्ने ।

६. समूह/समितिबाट शितभण्डारण तथा बजारको व्यवस्थापन गर्ने ।

७. उत्पादन र उत्पादकत्वको वृद्धि गरी उत्पादित बस्तुको मुल्यमा एकरुपता ल्याउने ।

८. सदस्यको सीप वृद्धि गर्नका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

९. सदस्यहरुबीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितव्ययीता अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने,

१०. समूह/समिति सदस्यहरुबाट हितकोष रकम संकलन तथा संकलित रकमलाई उत्पादनशिल आयमूलक, सीपमूलक, व्यवसाय संचालन गर्ने उदेश्य प्राप्तिका लागि सुलभ व्याज दरमा ऋण उपलब्ध गर्ने ।

११. आफ्नो उदेश्य पूरा गर्नका लागि अनुसन्धान केन्द्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/सस्थाहरुसँग सदैव सहयोगात्मक भावना राख्ने ।

१२. विपन्न, अति विपन्न महिलाहरुको पहिचान गरी आयआर्जन हुने सीपमूलक तालिम, गोष्ठी जस्ता कार्यहरु संचालन गरी महिला सशक्तिकरण गर्ने ।

१३. मूल्य श्रृखलामा आधारित नगदे बाली, गुणस्तरीय दुध उत्पादन प्रशोधन तथा बजारीकरणको व्यवस्थापन गर्ने ।

१४. लैंगिक समता, प्रजनन स्वास्थ्य, जीवनोपयोगी शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गरी जनचेतना फैलाउने ।

१५. सिंचाई सुविधा उपलब्ध भएको क्षेत्र, हुन बाँकी क्षेत्रको अभिलेख तयार गरी विषयगत शाखामा कार्यक्रम माग गर्ने गराउने ।

१६ हरेक समूहले आफ्नो आवश्यकताको पहिचान गरी प्रत्येक वर्ष विषयगत शाखामा कार्यक्रम (पकेट प्याकेज) को प्रस्ताव तयार गरी माग गर्ने ।

१७. गुणस्तरीय मासु उत्पादन गर्न गुणस्तरीय पशुपालन, माछापालन आदि कार्यहरु गर्ने ।

१८. समुह/समिति गठन हुँदा लिएका अन्य उद्देश्य प्राप्तिका लागि अन्य विभिन्न कार्यहरु गर्ने ।

१९. ....

३. **सदस्यता:** एकै उद्धेश्य एवं समान आर्थिक अवस्था भएको एवं यस समूह/समितिको विधानको परिधी भित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूह/समितिको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूह/समितिका सदस्यहरुको लिखितम सिफारिस साथ अनुसूची-६ अनुसार निवेदन दरखास्त दिनु पर्नेछ ।

३.१. सदस्यको लागि योग्यता:

क) नेपाली नागरिक ।

ख) .... पेशा गरिआएको व्यक्ति ।

ग) समूह/समितिको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको व्यक्ति ।

घ) समूह/समितिको विधान अनुसार कार्य गर्न मन्जुरी भएको व्यक्ति ।

ङ) सदस्य-सदस्यहरु बीच आपसी सहयोग बढाउन इच्छुक भएको व्यक्ति ।

च) सदस्यताको लागि १६ वर्ष उमेर पुगेको व्यक्ति

३.२. साधारण सदस्य: सदस्यता शुल्क रु. .... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय वमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यले मासिक बचत रु. .... प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह/समिति गठन भई सकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूह/समितिको सदस्यता लिन चाहेमा समूह/समितिमा आबद्ध प्रति

सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र सोको ब्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

३.३ **सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**: कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहऱ्याई सदस्यता समाप्त गर्न सक्नेछ :-

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नु पर्ने रकमहरु ३ महिनासम्म नतिरेमा ।

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूह/समितिको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्कासन गरेमा ।

ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)

घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

ङ) .... पेशा त्यागी अन्यत्र गएमा ।

च) मृत्यु भएमा ।

छ) समूह/समितिको सिद्धान्त वा नियम वा प्रतिष्ठामा जाँच आउने कार्य गरेमा ।

ज) ....

४. **साधारण सभा:**

४.१.**साधारण सभा:** यस समूह/समितिको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछन् । जुन समूह/समितिको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा एक पटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ ।

४.२.**साधारण सभा वा अधिवेशन:** कार्य समितिले तोकेको मिति र समयमा यस समूह/समितिको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

४.३.**साधारण सभाको काम कर्तव्य र अधिकार:**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) समूह/समितिको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) समूह/समितिको वार्षिक कार्य योजना बनाउने ।

च) समूह/समितिको कार्य योजना बनाउँदा कम्तिमा ६०% समूह/समितिको उद्देश्य अनुरुपको कार्यक्रम बनाउने ।

छ) ....

४.४.**साधारण सभाको गणपुरक संख्या:** समूह/समितिको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१% सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । यदि सो नभए पुन ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको २५% उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

४.५ **कार्य समिति गठन विधि:**

क) कार्य समिति .... सदस्यीय हुनेछ ।

ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुनेछन् ।

ग) कार्य समितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको .... गते हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको कोरमा २/३ लाई मानिने छ र निर्णय बहुमतद्वारा गरिनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफु मध्येबाट निर्वाचन प्रकृयाद्वारा अध्यक्ष सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

ज) ....

४.६.कार्य समितिको काम, कर्तव्य र अधिकारः

क) विधानको परिधि भित्र रही, समूह/समितिको उद्धेश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालना गर्ने ।

ख) समूह/समितिको वार्षिक कार्यक्रम बनाउने तथा समूह/समितिको क्रियाकलापहरु संचालन गर्ने ।

ग) सहकारी तथा गैर-सहकारी संस्थाहरुसँग सम्पर्क विस्तार गर्ने ।

घ) सहकारीमा रुपान्तरण गर्ने ।

ङ) समूह/समितिको कार्ययोजना बनाई लागू गर्ने ।

च) समूह/समितिको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

छ) ....

४.७.समूह/समितिको बैठक : समूह/समितिको नियमित बैठक प्रत्येक महिनाको .... गने बस्नेछ । समूह/समिति बैठकहरु कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ । पूर्व निधारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्दछ । विशेष परिस्थिति बाहेक लगातार तिन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह/समितिको सहमतिको आधारमा निस्कासित गरिनेछ ।

५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

५.१. अध्यक्षको काम, कर्तव्य र अधिकारः

- आवश्यकता अनुसार समूह/समितिको बैठक र साधारण सभा बोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूह/समितिलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।
- समूह/समितिले तोकेको काम कारवाही गर्ने ।
- समूह/समितिमा उठेका विवादहरु समाधान गर्ने ।
- समूह/समिति र स्थानीय तहको सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूह/समितिको निर्णय, कार्यक्रम र कृयाकलाप, भएका कारवाहीहरु एवं समस्याहरुको अभिलेख राख्न सचिवलाई सहजीकरण गर्ने ।
- वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह/समिति परिचालनको नेतृत्व लिने ।
- समूह/समिति बैठकमा भएका निर्णय, वार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।

- समूह/समिति सदस्यहरुलाई आफ्ना समस्याहरु पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरु समाधान गर्ने कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
- सदस्यहरुलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समूह/समिति सदस्यहरु बीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

५.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

५.३. सचिवको काम, कर्तव्य र अधिकार

- अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने ।
- बैठकको तयारी गर्ने ।
- समूह/समितिको निर्णय पुस्तिका तयार गर्ने ।
- समूह/समितिको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- समूह/समिति बैठक एवं साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।
- वार्षिक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने ।
- समूह/समितिले तोकेको कार्य गर्ने ।

५.४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

- समूह/समितिको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूह/समिति हितकोष व्यवस्थापन गर्ने ।
- समूह/समितिको सबै कोषको हिसाव किताब सुरक्षित र दुरुस्त गर्ने ।
- समूह/समितिको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूह/समितिको वार्षिक बजेट तयार पार्ने र साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखा परीक्षण गराउने ।
- समूह/समितिको खाता संचालन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

५.५ कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकार

- आवश्यकता अनुसार समूह/समितिका अन्य उपसमितिमा रही जिम्मेवारी वहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

६. आर्थिक व्यवस्थाः

६.१. समूह/समितिको तपशिल बमोजिम आर्थिक श्रोत रहनेछ ।

क) यस समूह/समितिका सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क ।
ख) समूह/समितिको अन्य क्रियाकलापबाट भएको आम्दानी ।
ग) समूह/समितिको सदस्यले बचत गर्ने मासिक रकम ।
घ) समूह/समितिबाट ऋण लगानी गर्दा प्राप्त ब्याज ।
ङ) समूह/समितिले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह/समिति सदस्यले पाउने निश्चित पारिश्रमिक बाट .... % लेबी
च) समूह/समिति सदस्यले आफ्नो नामबाट गरेको बचत

छ) बिलम्व शुल्कबाट

ज) ....

६.२. हितकोष

क) श्री .... कृषक समूह/समितिको एक हितकोष हुनेछ ।

ख) श्री .... बैकमा समूह/समितिको खाता रहनेछ ।

६.३. हितकोष परिचालनः

क) हितकोष रकमको कम्तीमा ५० प्रतिशत .... कार्यमा संचालन गर्नुपर्नेछ ।

ख) समूह/समिति सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्नेछन् ।

ग) सदस्यले ऋण माग गर्न अनुसुची-७ अनुसार निवेदन दिनु पर्नेछ ।

घ) .... कार्यको लागि लिइएको ऋणमा .... %मासिक व्याज लाग्नेछ ।

ङ) अन्य क्रममा ....% मासिक ब्याज लाग्नेछ ।

च) मासिक ब्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउन पर्नेछ ।

छ) ऋण लिँदा ऋण रकमको ....% सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज) समूह/समितिको बैंक खाता अध्यक्ष र सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

झ) समूह/समितिले आर्थिक कारोवार गर्दा अनुसूची-१७ अनुसारको नगदी रसिद काटी कोषाध्यक्ष वा सचिवले हितकोष लगायत रकम लिने दिने गर्नु पर्दछ ।

हितकोष (श्रोत) परिचालनलाई मुख्यतया दुई भाग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ ।

क) **आवश्यक खर्चः** "आवश्यक खर्च" भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ ।

- कार्यालय खर्च (कपी, कलम, बिलल, भौचर, फाइल, रजिष्टर, खाता, पत्र पत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नवीकरण खर्च
- लेखा परीक्षण खर्च
- कर्मचारी पारिश्रमिक खर्च
- साधारण सभा खर्च
- विविध (समूह/समितिको बैठकमा चिया नास्ता आदि)

ख) **आन्तरिक लगानी :** "आन्तरिक लगानी" भन्नाले समूह/समिति भित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ । जस्तै :

- उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामग्री खरिद बिक्री)
- मल, बीउ, बाली संरक्षण, तरकारी बोट विरुवा किन्न प्रयोग गर्ने)
- आयमूलक कार्य गर्ने (बाखा, बंगुर पालन, कुखुरा पालन, रेशम खेती, माहुरी पालन, आदि) ।
- घरेलु आयमुलक कार्य गर्ने (स्थानीय सीप, दुग्धका परिकार उत्पादन, सिलाई बुनाई, तरकारी खेती, करेसाबारी आदि)
- सामाजिक कार्य जस्तैः सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, वातावरण संरक्षण आदि) ।

- सीप विकास जस्तैः प्याकेजिङ, नर्सरी स्थापना, दुग्ध प्रशोधन
- बौद्धिक कार्य जस्तैः तालिम, प्रवचन, भ्रमण, गोष्ठी आदि ।
- सामाजिक कार्य जस्तैः महिला विकास, महिला सशक्तिकरण
- लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

६.४. **बिलम्ब शुल्क :**

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु. .... बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु. .... बिलम्ब शुल्क लाग्नेछ ।

ग) तेश्रो महिना प्रत्येक दिन रु. ....

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र ब्याज नबुझाएमा प्रति महिना रु. ..... दिन, दोश्रो महिना रु. .... प्रति दिन र तेश्रो महिना रु. .... प्रति दिन बिलम्व शुल्क लाग्नेछ । चौथो महिनाबाट ऋण रकम र ब्याज रकम ऋणी र जमानी सदस्यहरुबाट असुलउपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनको लागि .... सम्म एक सदस्यको जमानी, रु. .... सम्म दुई सदस्य र रु .... सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

६.५ **लगानीको संरक्षण :** कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण तिन पाउने छ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९०% भन्दा बढी ऋण तिर्नपर्ने भएमा सोही समूह/समितिका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिनेछ । ऋण लिने व्यक्तिले तिर्नुपर्नेछ । साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुलउपर गरिनेछ । यदि जमानी मार्फत पनि असुलउपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारबाही प्रकृया अगाडि बढाईनेछ । ऋण लगानी एवम् असुलउपर गर्न ऋण उप-समितिको स्वीकृति लिनु पर्नेछ । ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

६.६ **लेखा परिक्षण :** प्रत्येक समूह/समितिले रजिष्टर्ड लेखा परीक्षकबाट अनिवार्यरुपमा लेखा परीक्षण गराउनु पर्दछ । यसरी गरिएका लेखा परीक्षणहरु वार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नु पर्दछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नुपर्दछ ।

७. **विविध :**

७.१. **निर्वाचन सम्बन्धि व्यवस्थाः** यस समूह/समितिको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्ति गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा लाग्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

७.२ **पदावधि :**

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ ।

ख) सो गठित कार्य समितिको पदावधी समाप्त हुन १ महिना अगावै समूह/समितिको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधान उल्लेखित आफ्नो कार्यकाल समाप्त हुनु १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्नेछ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सोलाई बुझाई सो को भरपाई लिनु पर्नेछ । सो नगरे यस समूह/समितिलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्नेछ ।

७.३ उम्मेदवारको अयोग्यता :

क) ……………… पेशामा संलग्न नभएमा ।

ख) उस्तै प्रकृतिको समूह/समितिको सदस्य भएमा ।

ग) जसले समूह/समितिको उद्देश्य विपरित कार्य गरेमा ।

घ) मानसिक सन्तुलन असामान्य भएमा ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

७.४. अविश्वासको प्रस्ताव :

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुनेछ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

७.५. राजिनामाः यस समूह/समितिको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् । कार्य समितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा बहाली रही रहने छन् ।

७.६. विधान संशोधनः समूह/समितिको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्ये कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिनेछ । सदस्यहरु मध्येका उपस्थिति सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ । साथै संशोधित विधान स्थानीय निकायको सम्बन्धित शाखा/इकाईबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

७.७. नियम बनाउनेः साधारण सभाले आन्तरिक सञ्चालन गर्नका लागि नियमहरु बनाउन सक्नेछ ।

७.८ उप-समितिहरु गठन गर्न सक्नेछ : साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृती लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूह/समितिको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

७.९ विघटनः समूह/समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा उदेश्य प्राप्त गर्न असफल भए वा २ वर्षसम्म समूह/समिति नवीकरण नभएमा समूह/समिति विघटन हुनेछ। यसरी समूह/समिति विघटन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ ।

७.१० समूह/समिति छोड्नुपर्ने अवस्थाः कुनै पनि सदस्यले समूह/समिति छोड्न परेको खण्डमा निजको नाममा संकलन भएको हितकोष (बचत) रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी दिइनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको हकवालालाई समूह/समितिले, ब्याज सहित फिर्ता दिइनेछ । समूह/समितिले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामग्रीहरु आवश्यकता हेरी समूह/समितिको बैठकबाट निर्णय गराई आलोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

७.११ समूह/समितिको चल अचल सम्पतिः समूह/समिति विघटन भए पश्चात समूह/समितिको चल अचल सम्पति स्थानीय निकायको विषयगत समिति वा विषयगत शाखाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा सम्बन्धित स्थानीय तहको उपाध्यक्ष समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा उपाध्यक्षको निर्णय नै अन्तिम हुनेछ ।

फाराम नं.१
समूह/समिति दर्ता फारामः

क्र.सं.	दर्ता नं	मिति	समूह/समितिको नाम	समूह/समितिको किसिम	समूह/समितिको ठेगाना	गठन मिति	सदस्य		जम्मा सदस्य	उद्देश्य	सम्पर्क नं	**कैफियत**
							पु.	म.				

फाराम नं.२
आर्थिक वर्षको अन्तमा सदस्य संख्याको स्थिती

आर्थिक वर्ष	सदस्य संख्यामा थप/घट र जम्मा बचत कोष	सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिती	घट/बढको कारण (केलम २ मा बढीको लागि +र घटीको

			लागि - चिन्ह लगाऔं
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		
	संख्या ....रु		

फाराम नं.३
समूह/समितिको बचत कोषको वार्षिक स्थिती

आर्थिक वर्ष	गत वर्षको रकम रु.	बचत कोषमा घट/बढको कारण	कैफियत

नोटः यो विवरण (फाराम) आ.व. को पहिलो दिन (श्रावण १ गते) सम्बन्धित विषयगत शाखा वा इकाईद्वारा अनिवार्य अध्यावधिक बनाई राख्नु पर्नेछ ।			

फाराम नं.४

.... शाखा/................... फिल्ड कार्यालय/सेवा केन्द्र मार्फत पेश गर्नुपर्ने चौमासिक विवरण

चौमासिक अवधि : प्रथम/द्वितीय/तृतिय बगनासकाली गा.पा. वडा नं. ....

समूह/समितिको नाम :

उत्पादन

क) इकाई :

ख) जम्मा लागत रु. :

उत्पादकत्व (उत्पादन/क्षेत्रफल) :

उत्पादनको विवरण मूल्य (रु. इकाई)

उत्पादनको कुल मूल्य रु.

कार्य विवरण :

सहभागी सदस्यहरुको संख्या :

प्राप्त सहायता रु. :

श्रोत १ (......................) बाट :

श्रोत २ (........................) बाट :

क्षेत्रफल आम्दानी (कुल आम्दानी-लागत खर्च) रु. :

कैफियत

फाराम नं. ५
कृषक समूह/समितिका सदस्यहरुको पशुपंन्छी तथ्याङ्क नमूना ढाँचा

क्र. सं.	कृषक धनिको नाम	गाई	गोरु	बाच्छा	बाच्छी	भैसी	राँगा	पाडा पाडी	माउ बाखा	बोका खसि	पाठा पाठी	कुखुरा	हाँस	माछा	दैनिक दुध उत्पादन

फाराम नं. ६
कृषक समूह/समितिका सदस्यहरुको कृषि तथ्यांक नमूना ढाँचा

क्र.सं.	कृषकको नाम	मकै	कोदो	धान	आलु	मटर	बोडी	आँप	लिची	टमाटर	लसुन प्याज	मूला	खुर्सानी	बन्दा काउली

अनुसूची-२
समुह/समिति दर्ताको लागि निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
बगनासकाली गाउँकार्यपालिकाको कार्यालय,
चिर्तुङ्गधारा, पाल्पा ।

मार्फत,
श्री .... शाखा ।

श्री .... शाखा/ईकाई/संस्थाको सहयोगमा मिति .... को प्रारम्भिक भेलाद्वारा हामीहरु संगठित भई श्री .... समूह/समिति गठन गरिएको हुँदा समूह समिति गठन तथा व्यवस्थापन कार्यविधि-२०८० अनुसार दर्ता गरी पाँउ भनि तपसिल कार्यसमितिको विवरण अन्य आवश्यक कागजातहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपीसहित यो निवेदन गरिएको छ ।

....

३.

समूह/समिति अध्यक्षको दस्तखत
मिति :
सम्पर्क नं.:
नाम, थर:-

अनुसूची ३

समूह/समिति पदाधिकारीहरुको विवरण

समूह/समितिको नामः...स्थापना वर्ष ....बगनासकाली गाउँपालिका वडा नं. .... टोल ....समूह/समिति संचालन हुने शाखा ....

समूह/समितिको उद्देश्य : ....

सदस्य संख्या .... पुरुष .... महिला ....

कार्यसमिति/पदाधिकारीहरुको विवरणः

क्र.सं.	पद	नाम	शैक्षिक योग्यता	उमेर वर्ष	जग्गाको क्षेत्रफल	दस्तखत	फोटो
१.	अध्यक्ष						
२.	उपाध्यक्ष						
३.	सचिव						

४.	कोषाध्यक्ष						
५.	सदस्य						
६.	सदस्य						
७.	सदस्य						
८.	सदस्य						
९.	सदस्य						
१०.	सदस्य						
११	सदस्य						

नियमित बैठक बस्ने दिन : ....
प्रति महिना समूह/समितिको हितकोषमा संकलन हुने रकम रु. ....
हालसम्म हितकोषमा जम्मा रकम रु. ....
सिफारिस गर्नेको सही ....

अनुसूची-४
सदस्य सदस्यको विवरण फाराम

सदस्य/समितिमा सदस्य रहेको सबै सदस्यहरुको विवरण सम्बन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ। विवरण हेरफेर भएपछि पुनः तयार गरी नियमितरुपले सच्याउनु पर्दछ।
सदस्य/समितिको नाम:

क्र. सं.	सदस्यको नाम	वडा नं.	गाउँ/टोल	उमेर	शिक्षा	जमिनको क्षेत्रफल	पशुपालन	परिवार संख्या	कैफियत

१									
२									
३									
४									
५									
६									
७									
८									
९									
१०									
११									
१२									
१३									
१४									
१५									
१६									
१७									
१८									
१९									
२०									
२१									

अनुसूची-५

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

....................शाखा

चिर्तुङ्गधारा,पाल्पा

कृषि/महिला विकास/पशुपंन्छी समूह/समिति दर्ता प्रमाण-पत्र

दर्ता नं.
मिति :

सामुहिक पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार/पशुपंन्छी पालन/महिला सशक्तिकरण कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस पाल्पा जिल्लाको बगनासकाली गाउँपालिका वडा नं. .... मा मिति .... गते गठित श्री .... समूह/समितिलाई **"समूह समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८०"** को अधिनमा रही यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

....
शाखा प्रमुख

....
प्रमुख प्रशासकीय अधिकृत

(समूह/समिति दर्ताको प्रमाण पत्रको पछाडि पानामा राख्ने)

क्र. सं.	नवीकरण मिति		नवीकरण गर्ने कार्यालय प्रमुख वा शाखा प्रमुख	कार्यालयको छाप र दस्तखत
	देखि	सम्म		
१				
२				
३				
४				
५				
६				
७				

अनुसुची-६
सदस्यताका लागि आवेदन फाराम

श्री अध्यक्षज्यू,
श्री .... समूह/समिति

महोदय,

म यस समूह/सदस्यको विधानलाई स्वीकार गरी श्री .... समूह/समितिको सदस्यता प्राप्त गर्न इच्छुक भएकोले नियमानुसार सदस्यता प्रदान गरी पाउँ भनि यो निवेदन पेश गर्दछु ।

विवरण :
नामः
बाबुको नामः
ठेगाना :
शैक्षिक योग्यता :
कृषि पेशामा दखल :
जग्गाको विवरण :
गरिरहेको कृषि पेशा :
सम्पर्क नं.:

समूह/समितिको सदस्यताको सिफारिस :

१) नाम : दस्तखत :
२) नाम : दस्तखत :

दस्तखत :
निवेदक नाम :

अनुसूची-७
ऋण माग फारामको नमुना

मितिः ....

श्री अध्यक्ष ज्यू,
श्री .... समूह/समिति

विषय : ऋण उपलब्ध गराई पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा मलाई .... कामको लागि आवश्यकता परेकोले रु. .... अक्षरेपी .... मात्र समूह/समिति हितकोषबाट उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार रु. .... (अक्षरेपी .... मात्र) ऋण किस्ता, मासिक ब्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउनेछु ।

जमानी सदस्यहरु
दस्तखत :
नाम :

निवेदक
दस्तखत :
नाम :

ठेगाना :

ठेगानाः

दस्तखत :
नाम :
ठेगानाः

……
………..कार्यालयको प्रयोजनको लागि
ऋण रु. …………………… (अक्षरेपी रु. ………………………………… मात्र) मासिक किस्ता रु. ……………… (अक्षरेपी रु. ………………………………… मात्र) उपलब्ध गराएको मिति :

उपलब्ध गराएको चेक नं.:

दस्तखत :
कोषाध्यक्ष :

दस्तखत :
अध्यक्ष :

अनुसुची- ८
तमसुकको नमुना

लिखितम जिल्ला पाल्पा, बगनासकाली गाउँपालिका वडा नं. ……….. बस्ने ………………………………… को छोरा /छोरी /पत्नी वर्ष………… को श्री ……………………………………………… ले ……………………………………………… कृषक समूह/समितिबाट निर्धारण गरिएको ब्याज दर अन्य शर्त (नियम) को अधिनमा रहि पशु पालन/मल/बिउ खरिद वा ………………………… कृषि कार्य गर्ने उद्देश्यका निमित्त सापटी (ऋण नगद रु. …………… (अक्षरेपी रु. ……………………………………) यस समूह/समितिको ………………………… बैंक, ………… शाखा स्थित रहेको खाता नं. …………… चेक नं. …………………………………… बाट बुझिलिई भाखा राखी तपसिल लेखिएको व्यक्ति (साक्षी) हो रोहवरमा यस समूह/समितिको कार्यालयबाट बुझिलिइएको ठीक साँचो हो । माथि कबुलियत गरिएको भाखा भित्र सावा ब्याज तिर्न/बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तिबाट नेपालको प्रचलित ऐन, कानुन बमोजिम असुलउपर गरिलिएमा मेरो मन्जुरी छ । दाँया किनारा साँक्षी सदर ।

तपशिल

……………. जिल्ला ………………… गाउँपालिका वडा नं ……. वस्ने वर्ष ……… को श्री ……………………… १

……………. जिल्ला ………………… गाउँपालिका वडा नं ……. वस्ने वर्ष ……… को श्री ……………………… १

……………. जिल्ला ………………… गाउँपालिका वडा नं ……. वस्ने वर्ष ……… को श्री ……………………… १

इति सम्बत २० .... साल .... महिना .... गते, रोज .... शुभम् ।

अनुसूची-९
मासिक हितकोष संकलन फाराम

समूह/समितिको नाम :

साल :

क्र. सं.	नाम,थर	मासिक जम्मा रकम रु.											
		बैशाख	जेष्ठ	आषाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुन	चैत्र

अनुसूची-१०
समूह/समितिको लगानी विवरण

समूह/समितिको नाम :

क्र.सं.	लिने व्यक्तिको नाम	ठेगाना	उद्देश्य	रकम	लिएको मिति	रकम बुझाउनु पर्ने मिति	लिनेको सहि

अनुसूची-११
समूह/समितिको ऋण असुली फाराम

समूह/समितिको नामः

क्र.सं.	नाम,थर	ठेगाना	साँवा रु.	व्याज रु.	जम्मा	बुझ्नेको नाम	बुझेको मिति	रकम बुझ्नेको हस्तक्षर

अनुसूची-१२

सम्पति (नगद तथा जिन्सी) खाता

२०......... साल .... महिना

मिति	विवरण	जम्मा रु.	खर्च रु.	बाँकी रु.

	जम्मा			

अनुसूची-१३
सामान विवरण तथा आम्दानी खाता

२०....... साल .... महिना

मिति	विवरण	आम्दानी रकम रु.	कैफियत

	जम्मा		

अनुसूची-१४
सामान खरिद तथा खर्च खाता

२०......... साल .... महिना

मिति	विवरण	खर्च रकम रु.	कैफियत
	जम्मा		

अनुसूची-१५
दायित्य खाता

२०...... साल .... महिना

मिति	विवरण	आम्दानी	खर्च	मौज्दात	कैफियत

	जम्मा				

अनुसूची-१६
समूह/समितिबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमको नमूना ढाँचा फाराम

समूह/संस्थाको नामः

आर्थिक वर्ष :

समिति/उपसमिति :

क्र.सं.	आयोजनाको नाम	काम (लक्ष्य)	कार्य विवरण (के गर्ने)	बजेटको श्रोत			समय	अवधि	स्थान (कहा गर्ने)	प्रमुख जिम्मेवारी	अनुगमन तथा मुल्यांकन	कैफियत
				हितकोष	व्यक्तिगत	बाह्य स्रोत						

अनुसूची-१७

कृषक समूह/समितिको नगदी रसिदको नमूना ढाँचा

श्री .... समूह/समिति

बगनासकाली गाउँपालिका वडा नं. ....

नगदी रसिद

र.नं. मिति : ....

श्री/श्रीमती .... ठेगाना : .... बापत रु. .... अक्षरेपी .... प्राप्त भयो ।

रकम बुझाउनेको सही : रकम बुझिलिनेको सही :

नाम : नाम :